STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २६ गते शनिबार ❑ 9 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गभर्नर अधिकारी निलम्बित

रासस
पोखरा, २५ चैत

सरकारले नेपाल राष्ट्र बैकका गभर्नर महाप्रसाद अधिकारीलाई केन्द्रीय बैंकको उद्देश्यअनुसार तोकिएको जिम्मेवारी पूरा नगरेको भन्दै निलम्बन गरेको छ।

गभर्नर अधिकारीलाई आज निलम्बनको पत्र बुझाएर अर्थमन्त्रालयले डेपुटी गभर्नर नीलम ढुङ्गानालाई निमित्त गभर्नरको जिम्मेवारी तोकेको हो । मन्त्रिपरिषद्को बिहीबारको बैठकले राष्ट्र बैंकको



संवेदनशील सूचना चुहाएकाले गभर्नर अधिकारीमाथि छानबिन गर्ने निर्णय गरेसँगै उहाँ स्वतः निलम्बनमा पर्नुभएको मन्त्रिपरिषद्का एकजना सदस्यले राससलाई बताउनुभयो ।

सर्वोच्च अदालतका पूर्व न्यायाधीश पुरुषोत्तम भण्डारीको संयोजकत्वमा तीन सदस्यी जाँचबुझ समिति गठन भइसकेको उहाँले बताउनुभयो ।

राष्ट्र बैंकका एकजना उच्च अधिकारीले पनि गभर्नर अधिकारी निलम्बनमा पर्नुभएको र उहाँको जिम्मेवारी डेपुटी गभर्नर ढुंगानालाई दिइएको पुष्टि गरेका छन् ।

## न्यायाधीशसँग स्थानियले सुनाए आफ्ना समस्या

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका ७ लान्द्रुकमा रहेको दूधे बराह आमा समुहको भवन प्रागंणमा पूग्दा गोलो घेरामा मानिसहरु बसेका थिए।

यसरी बस्ने मानीस तहाँका स्थानिय बासीन्दा र स्थानिय जनप्रतिनिधि मात्र थिएनन्, कास्की जिल्ला अदालतका न्यायाधीश, जिल्ला सरकारी वकिल कार्यालयका सहन्याधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालयका न्याधिवक्ता, कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी, कास्की जिल्ला अदालतका श्रेस्तेदार सहित कर्मचारी समेत थिए। उनीहरु मध्ये कोही आफ्ना समस्या र जिज्ञाशा राख्न आतुर थिए। केही ती समस्या र जिज्ञाशा मेटाउन तल्लिन । यो अवसर मिलाएको थियो कास्की जिल्ला अदालतले 'न्यायमा बाह्य पहुँच' कार्यक्रम मार्फत । जब कार्यक्रममा सहजिकरण गने कास्की जिल्ला अदालतका सूचना अधिकारीले कार्यक्रमको बारेमा बताए। त्यसपछि सुरु भयो परिचयात्मक कार्यक्रम । माहोल सहज हुन थालेपछि स्थानिय वासिन्दा खुल्न थाले । अनि सुरु गरे प्रश्न । कोहीले आफूलाई परेका समस्या सुनाए । केहीले अर्काका समस्यालाई महत्व दिंदै जिज्ञासा राखे।

यसरी जिज्ञासा राख्नेमा एक थिए अन्नपूर्ण गाउँपालिका वडा नम्बर ७ लान्द्रुकका कमल गुरुङ। उनले जिल्ला न्यायाधीश, सरकारी वकिल र सहायक प्रमुख जिल्ला



अधिकारीलाई सोधें। विवाह गरेको ३ वर्षमा एकजना साथीको श्रीमतीसँग केही रकम दिएर सम्बन्धविच्छेद भयो । सम्बन्ध विच्छेद भएपछि ती महिलाले अर्कैसँग विवाह गरिन् । अब त्यो साथीले सम्बन्धविच्छेद गर्दा दिएको रकम फिर्ता हुन्छ की हुन्न ? सोही ठाउँका पूर्ण बहादुर विकले लामो समयदेखि जग्गाधनी प्रमाण पुर्जा नपाएको गुनासो गर्दै आफ्ना समस्या सुनाए । ५० वर्षको उमेरसम्म नागरिकता नपाएको पिडा अर्का सहभागीले सुनाए । सम्बन्धविच्छेद, नाताकायम, जग्गा सम्बन्धी स्थानियले प्रश्न सोधें । यसका अलावा वडाबाट सेवा प्रदान गर्दा परेका अप्ठ्याराको बारेमा जनप्रतिनिधिले समेत जिज्ञाशा राखे। प्रश्न र जिज्ञासा सुनेपछि न्यायाधीश, सरकारी वकिल र सहायक प्रमुख जिल्ला अधिकारीले बुझिनेगरि जवाफ दिनथाले । उनीहरुले मसिनोगरी समस्या समाधानका उपाय मात्र सुझाएनन् जिज्ञाशा समेत मेटाए।

कार्यक्रममा भनाई राख्दै कास्की जिल्ला अदालतमा प्रमुख भै कार्य गर्ने जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराईले अदालतबाट प्रदान गरिने सेवा सुविधाका बारेमा स्थानियलाई जानकारी गराउने तथा स्थानिय सर्वसाधरणको समस्या बुझेर ती समस्याको समाधान गर्न पहल गर्ने उद्धेश्यले कार्यक्रमको आयोजना गरिएको बताए। विभिन्न कानूनी प्रक्रियाको बारेमा स्थानियलाई बुझाउने काम जिल्ला न्यायाधीशहरु बाबुराम सुवेदी र आनन्दप्रसाद श्रेष्ठ, उच्च सरकारी वकिल कार्यालय पोखराका सहन्यायाधिवत्ता इश्वरी ढकाल, जिल्ला न्यायाधिवत्ता रुद्र सुवेदी, कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव रिजालले गरे। कार्यक्रम अन्नपूर्ण गाउँपालिका उपप्रमुख सगुन गुरुङको अध्यक्षतामा भएको थियो । कार्यक्रमलाई सम्पन्न गर्न अन्नपूर्ण गाउँपालिका वडा नम्बर ७ का अध्यक्ष घनश्याम चापागाई सहितको महत्वपूर्ण साथ थियो । कार्यक्रमका सहभागीले आफ्नो गाउँमा नै आएर जिल्ला न्यायाधीश सहितका व्यक्तिहरुका कुरा सुन्न र आफ्ना मनका खुल्दुली मेटाउन पाएकोमा खुशी लागेको प्रतिक्रिया दिए।

## निर्वाचन आचारसंहिता शुक्रबारदेखि कार्यान्वयनमा

रासस
काठमाडौं, २५ चैत

आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि सबै राजनीतिक दल र सरोकारवालाको सुझाव तथा परामर्शमा स्वीकृत गरिएको निर्वाचन आचारसंहिता, २०७८ आजदेखि लागू भएको छ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित बनाउन आचारसंहिता लागू गरिएको हो। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गरी नागरिकलाई मताधिकारको निर्वाध उपयोग गर्ने अवसर सिर्जना गर्न आह्वान गर्नुभयो।

आयोगद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले निर्वाचनलाई स्वच्छ र स्वतन्त्र तुल्याउन प्राप्त हुने सबै खाले सुझावलाई सकारात्मकरूपमा ग्रहण गर्ने बताउनुभयो । प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "निर्वाचनमार्फत लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउनेतर्फ हाम्रा सबै प्रयास केन्द्रित गर्न आयोग हार्दिक आग्रह गर्दछ।" निर्वाचन आचारसंहिताको पूर्ण पालनाविना विश्वसनीय निर्वाचन हुन सक्दैन भन्ने तथ्यलाई आत्मसात गरी खर्चिलो र भड्किलो बन्दै गएको निर्वाचन खर्चलाई नैतिकता र इमान्दारीको अभ्यास, स्वनियन्त्रण पद्धतिको अनुसरण र सामाजिक सचेतनाको प्रयासबाट निस्तेज गर्ने विषयमा साझा सङ्कल्प र इमान्दार प्रयत्न आवश्यक रहेको आयोगले जनाएको छ । आयोगको विज्ञप्तिमा भनिएको छ, "निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनको सङ्कल्प पूरा गर्न सबैको सहयोग रहने कुरामा आयोग विश्वस्त छ।" निर्वाचन बालिग मताधिकारका आधारमा प्रतिनिधि छान्ने प्रक्रिया मात्र नभई जनतालाई सशक्त तुल्याउने लोकतन्त्रको मेरुदण्ड पनि हो। निर्वाचन जति खर्चिलो र भड्किलो बन्दै जान्छ त्यति नै आस्था, निष्ठा, विचार र सिद्धान्त पराजित बन्न सक्ने खतरा बढ्न थाल्छ भन्ने आम चासो र चिन्ता व्यापक बन्दै गएको आयोगले जनाएको छ । विगतका निर्वाचनसम्बन्धी तथ्य र अनुभवका आधारमा निर्वाचन व्यवस्थापनमा सुधार गर्नुपर्ने विभिन्न क्षेत्रमध्ये आचारसंहिताको पालना र कार्यान्वयन एक महत्वपूर्ण क्षेत्र भएको आयोगले उल्लेख गरेको छ। निर्वाचन आचारसंहितालाई पालना गर्न निर्वाचन तथा मतगणनामा खटिने कर्मचारी, राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले निर्वाचनको कार्यमा खटिँदा अनुसूचीबमोजिमको प्रतिबद्धता पत्रमा दस्तखत गर्नुपर्ने नयाँ व्यवस्था गरिएको छ । आचारसंहिताको प्रयोग कानूनभन्दा माथि हुने हुँदा राजनीतिक दल र उम्मेदवारलगायत अन्य सबै निर्वाचन सरोकारवालाले आचारसंहिताको पूर्णपालना गर्नेमा आयोग विश्वस्त रहेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो । आचारसंहिताको उल्लङ्घन भएमा हुने कारबाहीका विषयमा उपलब्ध स्रोतसाधन र जनशक्तिको उपयुक्त सम्भावित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन र नियन्त्रण गर्न विज्ञ सम्मिलित कार्यदल क्रियाशील रहने सो अवसरमा जानकारी दिइयो।

## आर्मीका सागर र महिला तर्फ दुर्गालाई उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

पोखरामा जारी २० औं संस्करणको नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिपमा नेपाली सेनाका सागर जलारीले उपाधि जितेका छन्। ५ वटा फ्लाईटको आधारमा १७ अंकका जलारीले उपाधि जित्न सफल भएका हुन्।

जलारी भन्दा एक अंकले पछि परेका अन्जन कुंवर उपविजेता भएका छन् । कुवंरले १८ अंक ल्याउदा अमन थापाले २० अंक सहित तेश्रो र बिशाल थापा भने २१ अंकका साथ शान्त्वना भएको हवाई खेलकुद संस्था नाका प्राविधिक उपाध्यक्ष एवं प्रतियोगिताका निर्णायक समितीका सह-संयोजक अनिल केसीले बताए। महिला तर्फको ओभरअल सोलो तर्फ ४ सय ९१ अंक सहित महिला तर्फ दुर्गा माया गुरुङले उपाधि जितेकी छन् । ५ सय ४७ अंक सहित स्वस्तिका गुरुङ उपविजेता, ७ सय २३ अंक सहित सविता तामाङ तेश्रो भईन्। ९ सय ५० अंक ल्याएकी सुस्मिता सुनुवार शान्त्वना भईन्। ओभरअल टेण्डम तर्फको प्रतिष्प्रर्धामा इन्द्र बहादुर नेपाली प्रथम भएका छन्। उनले ४२ अंक ल्याएका थिए। ५० अंकका साथ कृष्ण बहादुर सुनवार दोश्रो तथा ५५ अंकका साथ नरेन राना तेश्रो भए । ५७ अंक ल्याएका नारायण पराजुली शान्त्वना भए।

त्यसै गरी टिम टेण्डम तर्फ टिम एड्भान्स प्रथम, टिम ड्रगन फ्लाई दोश्रो र टिम गोल्डेन तेश्रो भएको छ। प्रथम हुनेले १ हजार १ सय ८६ अंक, दोश्रो भएको टिमले १ हजार २ सय ५६ र तेश्रो भएको टिमले १ हजार ३ सय ९ अंक ल्याउन सफल भएको थियो । त्यस्तै टिम सोलो तर्फ स्काई राइड टिम प्रथम, फ्लाई टेन्सन टिम दोश्रो र नेपाल एक्रो टिम तेश्रो भए। प्रथम भएको स्काईले २ सय २ अंक ल्याएको थियो। वेष्ट कष्ट्यूम प्रदर्शन तर्फको विधामा इश्वर केसी, वेष्ट हिमाल ड्रेसमा जीवन खड्का, नेपाली उत्कृष्ट पोशाक तर्फ रविन्द्र थापा र शिव तिमिल्सिना घोषित भएको निर्णायक समितीका सह-संयोजक केसीले बताए। उक्त प्रतियोगितामा ८ जना महिला सहित ७७ जना प्याराग्लाईडिङ पाइलटहरु सहभागी भएको आयोजक ना ले जनाएको छ । बुधबारदेखि पोखरामा सुरु भएको उक्त प्रतियोगितामा ३७ जना टेण्डम (व्यवसायीक प्याराग्लाईडिङ) पाइलट र ३२ जना लोसो(सिक्दै गरेका पाइलट) को सहभागिता भएको नाका अध्यक्ष कृष्ण भण्डारीले बताए।

यस पटक एक्युरेसी तर्फको प्रतिष्प्रर्धा भएको प्रतियोगिताका संयोजक बलराम आचार्यले बताए। प्याराग्लाइडिङको एक्युरेसी तर्फ लोसो ल्याण्डिङ् ओभरअलको प्रथम, द्धितिय, तृतिय र सान्त्वना हुने खेलाडीले क्रमशः नगद ५०, ३०, २० र १० हजार प्राप्त गरे। सो ही विधामा महिलातर्फ भने प्रथम, द्धितिय, तृतिय र सान्त्वना हुने खेलाडीले क्रमशः ३०, २०, १० र ५ हजार रुपैया प्रादान गरिएको संयोजक आचार्यले बताए। त्यसै गरी टिम एक्युरेसी लोसो ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो हुनेले क्रमशः २०, १५, १० हजार रुपैया पुरस्कार प्राप्त गरे। एक्युरेसी टेण्डम ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो तथा शान्त्वना हुनेले क्रमशः ३०, २०, १०, ५ हजार रुपैया प्राप्त गरे । त्यस्तै एक्युरेसी टिम टेण्डम ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो हुने खेलाडीले क्रमशः ३०, २०, १० र ५ हजार रुपैया प्राप्त गरे।

## प्राप्त उपलब्धिलाई संस्थागत गर्नुपर्छः प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नेपाली जनताको स्वतन्त्रता एवं हितका लागि विसं २००७ यता विभिन्न समयमा भएका आन्दोलनका उपलब्धिलाई संस्थागत गर्नुपनेमा जोड दिनुभएको छ।

गण्डकी प्रदेश प्रमुखको कार्यालयद्वारा नव वर्ष २०७९ का अवसरमा आयोजित शुभकामना आदानप्रदान एवं चियापान कार्यक्रममा उहाँले बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त लोकतन्त्रको रक्षा एवं संविधानको कार्यान्वयन सबैको साझा कर्तव्य भएको बताउनुभयो।

नव वर्ष २०७९ ले सबैमा सुख, शान्ति र समृद्धि ल्याओस् भन्ने कामना गर्दै प्रदेश प्रमुख गुरुङले नयाँ वर्षमा नेपाली समाजको विविधताबीचको एकता कायम हुने धारणा पनि व्यक्त गर्नुभयो ।

यसैगरी मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नयाँ वर्ष २०७९ उत्साहको वर्ष हुने अपेक्षा गर्दै आसन्न निर्वाचन भयरहितरूपमा सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले दलहरूबीचको एकता आगामी वर्षमा अझै बलियो बन्ने विश्वास व्यक्त गर्नुभयो। शुभकामना आदानप्रदानले सत्तपक्ष तथा प्रतिपक्ष सबैलाई एक ठाउँमा ल्याउने र आपसी सद्भाव एवं भाइचारा अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो।

प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले नयाँ वर्ष राजनीतिक उत्सवको वर्ष बन्ने र संविधानप्रदत्त अधिकारको कार्यान्वयनका लागि पनि यो वर्ष सफल हुने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा प्रदेश सरकारमा मन्त्रीहरू तथा प्रदेशसभा सदस्यले नयाँ वर्षले सबैमा उमङ्ग ल्याउने अपेक्षा गर्नुभयो।

## संसद्को अङ्कगणित फेरबदल नहुँदासम्म गठबन्धन रहन्छ : गृहमन्त्री खाँड

पोखरापत्र संवाददाता
म्याग्दी, २५ चैत

गृहमन्त्री बालकृष्ण खाँडले वर्तमान सत्ता गठबन्धनले आगामी सङ्घीय र प्रदेशसभा निर्वाचनसम्म निरन्तरता पाउने बताउनुभएको छ।

नेपाली कांग्रेस म्याग्दीले शुक्रबार बेनीमा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले गठबन्धनमा आबद्ध दललाई समेटेर साथसाथै लैजानुपर्ने धारणा राख्नुभयो।

"राजनीतिक विचार फरक भए पनि निश्चित उद्देश्यका लागि इतिहासदेखि नै सहकार्य र सम्झौता गरेको विषय कांग्रेसले बिर्सनु हुँदैन्", मन्त्री खाँडले भन्नुभयो, "नेपालमा दिगो शान्ति, संविधान, लोकतान्त्रिक मूल्य पद्धतिको रक्षा गर्दै कांग्रेसलाई महत्वपूर्ण भूमिकामा फर्काउन गठबन्धन गरिएको हो ।" गठबन्धनप्रति पूर्ण विश्वास गर्न कार्यकर्तालाई आग्रह गर्दै उहाँले 'खोलो तरेर लौरो बिर्सन नहुने' स्मरण गराउनुभयो। "गठबन्धनका लागि हामीले अन्य दललाई वचन दिएका छौं", मन्त्री खाँडले भन्नुभयो, "नदीमा बाढी आउँदा लौरेले खोला तर्ने अनी पारी तरेपछि लौरो बिर्सन हुँदैन । नयाँ चुनाव भएर संसद्को अङ्कगणित फेरबदल नहुँदासम्म गठबन्धन कायम रहन्छ ।" संसद्मा साथै भएका दलसँगको सहकार्यलाई निरन्तरता र हातेमालो गरेर संविधान, मानवअधिकार, प्रेस स्वतन्त्रता र लोकतन्त्रको रक्षा गर्ने मुख्य कार्यभारतर्फ केन्द्रित हुन उहाँले कार्यकर्तालाई निर्देशन दिनुभयो । नेपाल छन्त्याल सङ्घको सातौं महाधिवेशनमा भाग लिन बेनी आउने क्रममा मन्त्री खाँड हेलिकप्टरमार्फत धवलागिरि गाउँपालिका-१ गुर्जामा पुग्नुभएको थियो । छन्त्याल र दलित समुदायको बसोबास रहेको विकट गुर्जा जस्ता बस्तीका बासिन्दा र त्यहाँ कार्यरत कर्मचारीलाई थप सुविधा दिने गरी योजना र नीति बनाउनुपने मन्त्री खाँडको भनाइ थियो । यसैगरीआमाकानामबाटवंशजका आधारमा नागरिकता पाउने

बाँकी अन्तिम पृष्ठमा ▶▶

# बिटी कपमा आयोजक र एवाईसी, हाम्रो एफसी र लेकसाईड भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

बिटी क्लबको आयोजनामा जारी १५ औं बिटी कप पाँचौ विरेन स्मृति सेभेन ए साईड फुटबल प्रतियोगितामा आयोजक टोली, एयरपोर्ट युवा क्लब, हाम्रो एफसी र लेकसाईड क्लब सेमिफाईनलमा प्रवेश गरेको छ।



पोखरा १ बगरस्थित पुरानो टुडिखेलमा आज भएको पहिलो खेलमा एलजी एशोसियसनलाई आयोजक टोलीले १-० गोल अन्तरले पराजित गर्दै सेमिफाईनलमा प्रवेश गर्यो। आयोजकको जितमा भोमोले निर्णायक गोल गरे। हाम्रो एफसी र मालेपाटन क्लबबिच भएको दोस्रो क्वाटरफाईनल खेल १-१ गोलको बराबरीमा सकिएपछि टाइब्रेकरमा हाम्रो एफसीले २-१ गोल अन्तरले पाखा लगायो। यो जितसँगै सेमिफाईनलमा हाम्रो एफसीले आयोजक टोली विरुद्ध खेल्नेछ।

यसैगरी अर्को क्वाटरफाईनल खेलमा एयरपोर्ट युवा क्लबले करापुटारलाई २-० गोल अन्तरले सहज जित निकाल्यो। एयरपोर्टको जितमा सिआर गुरुङले २ गोलको योगदान दिए। अध्यक्ष विजया गुरुङका अनुसार अन्तिम क्वाटरफाईनल खेलमा लेकसाईड एफसीले रामघाट क्लबलाई १-० गोलले सँघर्षपूर्ण जित निकाल्यो। सेमिफाईनलमा अब एयरपार्टसँग प्रतिस्पर्धा गर्नेछ। अध्यक्ष गुरुङले सेमिफाईनलको दुवै खेल शनिबार विहान सञ्चालन गरिने जानकारी दिईन्। उनका अनुसार फाईनल खेल दिउँसो हुनेछ। प्रतियोगिताको विजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५१ हजार १ सय ५१ रुपैया प्राप्त गर्ने उनले बताईन्। गुरुङका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ९१ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन्। भने सो प्रतियोगिताबाट सर्वोत्कृष्ट हुने खेलाडीलाई ट्रफि सहित ७ हजारद्वारा पुरस्कृत गरिनेछ। यसैगरी उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई समान ५/५ हजार रुपैयाँ र ट्रफि प्रदान गरिने छ भने अनुशासित टिमलाई ८ हजार र ट्रफि प्रदान गरिने छ आयोजकले जनाएको छ।

# स्याङ्जा सदरमुकामका २३ पसलमा अनुगमन

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २५ चैत

दैनिक उपभोग्य सामाग्री व्यवसाय गरेका २३ पसलमा जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा अनुगमन भएको छ। म्याद गुज्रेका सामाग्रीहरुको विक्रि वितरण गरेको जनगुनासो आएपछि प्रशासनले जिल्ला सदरमुकाम पुतलीबजारमा अनुगमन गरेको हो। सदरमुकाम स्थित उपभोक्ताले दैनिक उपभोग गर्ने कृषि, पशु र खाद्यन्नका बिक्रि गर्ने पसलहरु अनुगमन गरेको थियो। खाद्यन्नका १४, तरकारी १, मासुजन्य ५, रेष्टुरेन्ट २ गरी २३ पसलहरुमा अनुगमन गरिएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ।



अनुगमनबाट प्रशासनले म्याद गुज्रेका दैनिक उपभोग्य सामाग्री बरामद गरेको जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी नमिता रेग्मीको नेतृत्वमा उपभोक्ता हित मञ्च, स्वास्थ्यकर्मी, उद्योग वाणिज्य संघ, नेपाल प्रहरी लगायतको सहभागितामा पसलहरु अनुगमन गरिएको प्रशासनले जनाएको छ। मासु पसल, फलफुल पसल र खाद्यन्नका पसलहरुमा अनुगमन गरी म्याद गुज्रेका सामाग्रीहरु बरादम गरी नष्ट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिइन्। बजारको अवस्था सामान्य देखिएको छ सप्रजिअ रेग्मीले भनिन्,'पहिलो प्रथामिकता नागरिकको स्वास्थ्य सगँ जोडिएकाले कृषि, पशु र खाद्यन्नमा हाम्रो जोड हो।' यसको दायरा बढाउदै अन्य पशलहरुमा पनि हाम्रो अनुगमन हुने छ उनले भनिन्। अनुगमन गरिएपनि प्रशासनले कारवाहि भने अहिले सम्म कसैलाई गरेको देखिएको छैन। सुझाव दिने कामले मात्र बजारमा उपभोग्य बस्तुमाथी व्यवसायीको मनोमानी भने देखिने गरेको छ। यसको नियन्त्रण र दैनिक अनुगमन गर्ने अधिकार पाएको स्थानीय पालिकाहरु भने बेखबर जस्तै बनेका छन्। स्थानीय निकायले बजार अनुगमन गरी उपभोक्ताहरुलाई स्वास्थ्य सामाग्री र चर्को मुल्य असुलीबाट बचाउनु आवश्यक देखिएको उपभोक्ता हित मञ्च स्याङ्जाका अध्यक्ष राजेन्द्र मरासिनीले बताए। व्यवसायीक र उपभोक्त विच सचेतना कार्यक्रम गर्नुपर्ने अवस्था देखिएको उनले बताए। जनताको नजिकको सरकार भनेको स्थानीय निकाय हो उनले भने,'स्थानीय निकायनै उपभोक्तमुखी नभएको देखिदा नागरिकको स्वास्थ्यमा खेलवाड भएको छ।' प्रशासनको भुमिका राम्रो भएपनि ऐनले स्थानीय सरकारलाई बजार अनुगमनको अधिकार दिएको छ उनले भने। बजारमा पेय पदार्थ, बिष्कुट, चाउचाउ लगायतका दैनिक उपभोग्य हुने बस्तुहरुको म्याद गुज्रेको पाइएको बताइएको छ। दुई मासु पसललाई भने बिक्रि स्थल सुधार गरी ७ दिनभित्र जिल्ला प्रशासनमा हाजिर हुन निर्देशन दिएको जनाएको छ। अन्य अनुगमन गरिएका पसलहरुमा भने सचेत गराइएको प्रशासनले जनाएको छ। यसमा खरिद विक्रिकर्ताहरु नै चनाखो हुनुपर्ने अवस्था देखिएको छ।

# कास्की लिग जारी, 'शितलज्योती र बि-१३' शिर्ष स्थानमा

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा जारी जिल्ला स्तरीय साबित्री निर्माण सेवा फुटबल लिगमा शुक्रबार ७ खेल सम्पन्न भएका छन्।

लिग चरणको खेल अन्तर्गत पोखरा रगशालास्थित वैकल्पिक खेलमैदानमा ३ र हेम्जास्थित गौरीशंकर खेलमैदानमा ४ गरी ७ खेल सम्पन्न भएको हो।

रंगशालास्थित वैकल्पिक खेलमैदानमा शुक्रबार भएको पहिलो शितलज्योती युवा क्लबले सहारा क्लबलाई २-१ गोल अन्तरले पराजित गर्यो। यो खेलसँगै शितलज्योतीले ९ अंक जम्मा गर्दै शिर्षस्थानमा रहेको छ। दोस्रो खेलमा भ्याली स्पोर्टस्ले रामघाटलाई ४-२ गोल अन्तरले हरायो। भ्याली स्पोर्टस्को अंक ७ रहेको छ। अन्तिम खेलमा गार्डेन एफसीले फुलबारी क्लबलाई ४-० को फराकिलो गोल अन्तरले पराजित गर्यो। योसँगै गार्डेनको अंक ६ रहेको खेल संयोजक नर प्रसाद गुरुङले बताए। गौरीशंकर खेलमैदानमा आज भएको पहिलो खेलमा एपेक्स क्लबको अनुपस्थितिमा एबीसी क्लबले वाक-ओभरमार्फत जित हाँसिल गरेको खेल सहसंयोजक सुनिल गायकले जानकारी दिए। उनका अनुसार एबिसीले ३ खेल खेल्दै ३ अंक बटुलेको छ। दोस्रो खेलमा सत्य युवा क्लब बाँझापाटनले भदौरे एफसीलाई ४-१ गोल को फराकिलो अन्तरले पराजित गर्यो। यो जितसँगै सत्य युवा क्लबले ९ अंक जम्मा गर्दै शितलज्योती क्लबसँगै शिर्षस्थानमै रहेको छ।

तेस्रो खेलमा हेम्जा युनाईटेडले नयांगाउँलाई ४-० गोलको फराकिलो अन्तरले हरायो। हेम्जा युनाईटेडले ३ खेल खेल्दै ७ अंक बटुलेको छ।

अन्तिम खेलमा सँगम क्लबमाथी विष्णुपादुकाले १-० गोल अन्तरले जित निकाल्यो। यो खेलसँगै विष्णुपादुकाको अंक ६ रहेको छ।

# बारको अध्यक्षमा घिमिरे विजयी

रासस
काठमाडौं, २५ चैत

नेपाल बार एशोसिएशनको २६औं केन्द्रीय कार्यसमितिको निर्वाचनमा बृहत् लोकतान्त्रिक प्रगतिशील समावेशी तथा पेशागत कानून व्यवसायी समूहका अध्यक्ष गोपालकृष्ण घिमिरेको समूह विजयी भएको छ।

अध्यक्षमा घिमिरे चार हजार ४७४ मत ल्याएर विजयी हुनुभएको छ भने उहाँको प्रतिस्पर्धी प्रगतिशील तथा पेशागत कानून व्यवसायी समूहका अध्यक्ष विष्णुमणि अधिकारीले दुई हजार ९८९ मत प्राप्त गर्नुभएको छ। उपाध्यक्षमा सुरज खत्री, सुधीर कर्ण, हर्क रावल, वीरेन्द्र केसी, पशुपति भण्डारी, उत्तम आचार्य, तुलाराम गिरी र आशा राई विजयी हुनुभएको छ। महासचिवमा अञ्जिता खनाल तीनहजार ६८२ मत ल्याएर विजयी हुनुभएको छ भने उहाँका प्रतिस्पर्धी केदार कोइरालाले दुई हजार ३४५ मत प्राप्त गर्नुभएको छ। कोषाध्यक्षमा भरत रावत विजयी हुनुभएको छ। सदस्यहरुमा विनिता नेपाली, किरणकुमारी साह, नरेशकुमार साह, नारायण दास राई, रुपबहादुर सारु, सीता पौडेल, मनिका खड्का र शर्मिला थापा विजयी हुनुभएको छ। खुला सदस्यहरुमा भरतकुमार लकाई, देवीप्रसाद कोइराला, निर्भयराज पौडेल, सन्तोषकुमार राउत, गुणराज आचार्य र सन्तोष तिवारी विजयी हुनुभएको छ। बारको यही चैत १९ गते काठमाडौं केन्द्रसहित देशभर ३५ स्थानबाट शान्तिपूर्ण तरिकाले मतदान सम्पन्न भएको भए पनि मतगणना भने मङ्गलबार बिहानदेखि मात्र सुरु भएको थियो। बारमा अध्यक्षसहित ११ पदाधिकारी र सदस्यहरु गरी २५ जनाको कार्यसमितिका लागि भएको निर्वाचनमा नौ हजार ७०८ जना अधिवक्ता मतदाता रहेका थिए। तीमध्ये सात हजार ४२९ मत खसेको थियो।

# संसदको..

संवैधानिक व्यवस्था कार्यान्वयनका लागि नागरिकता ऐन बनाउन छलफलमा जुटेको पनि मन्त्री खाँडले बताउनुभयो। आमाका नामबाट नागरिकता नपाउँदा समस्यामा परेका बेनी नगरपालिका-७ का यास्मीन बेगम, समिर खान र सेनाज बेगमले उहाँलाई ज्ञापनपत्र बुझाएर ध्यानाकर्षण गराउनुभएको थियो। मन्त्री खाँडलाई नेपाली कांग्रेस म्याग्दीका सभापति खम्बिर गर्बुजा, पूर्वसभापति तथा संविधानसभा सदस्य रेशमबहादुर बानियाँले जिल्लाको वस्तु अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो।

# विधेयक पारित, चालु अधिवेशन अन्त्य

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

गण्डकी प्रदेशसभाको शुक्रबारको बैठकले गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक पारित गरेको छ।

प्रदेशका कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले विधायन समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भन्दै गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मत पारित गरेको हो।

यसअघि विधेयकमाथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्यहरू विकास लम्साल, सरिता गुरुङ, गायत्री गुरुङ र कृष्णबहादुर थापाले प्रदेश तथा स्थानीय तहबीचको समन्वयका लागि विधेयक महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभएको थियो। बैठकले गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाएको छ।

उक्त विधेयकमाथिको सामान्य छलफलमा सदस्यहरू धनञ्जय दवाडी, मनकुमारी गुरुङ र पियारी थापाले सूचनाको हक कायम गराउन विधेयक महत्वपूर्ण बन्ने बताउनुभयो।

## वन अपराध नियन्त्रण सम्बन्धी सूचना

वन फाँड्ने, वन क्षेत्रको जग्गा जोत्न, खन्ने, खनिज उल्खनन् गर्ने, आवास गर्ने, सडक तथा अन्य पूर्वाधार बनाउने, घर छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने जस्ता कार्य वन अतिक्रमण हो। यस्तै बिना इजाजत राष्ट्रिय वन, निजी वन, आवादी समेतको वन पैदावार कटान, संकलन र ओसार पसार गर्ने सबै कार्य वन अपराध हुन्। वन अतिक्रमण तथा बिना इजाजत वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने गराउनेलाई वन ऐन,२०७६ को दफा ५० वमोजिम बरामद काठको विगो जफत गरी अधिकतम पाँच वर्षसम्म कैद वा दुई लाख रुपैयासम्म जरीवाना वा दुवै सजाँय हुने प्रावधान छ। साथै पचास हजार भन्दा बढी मूल्य पर्ने बोझबाहक जस्तै ट्र्याक्टर लगायतका अन्य सवारी साधनमा बिना इजाजत वन पैदावार ओसारपसार गरे गराएमा सो बोझबाहक तथा सवारी साधन समेत जफत हुन्छ। यसका अलावा वन पैदावारमा आधारित उद्योगले प्रचलित कानुन विपरीत वन पैदावार राखेमा थप दुई लाख रुपैया जरिवाना हुनेछ। तसर्थ वन ऐन, २०७६ को बर्खिलाप हुने कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
सम्पर्क नः ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
इमेलः moitfe4@gmail.com

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्थानीय तह निर्वाचनको सरगर्मी बढ्यो

-कृष्ण न्यौपाने
दमौली, २५ चैत

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि तनहुँमा चुनावी सरगर्मी बढेको छ।

निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक दलले उम्मेदवार सिफारिसको कामलाई अगाडि बढाएपछि चुनावी सरगर्मी ह्वात्तै बढेको हो। मुख्य तीन ठूला राजनीतिक दलले स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोटको कामलाई अगाडि बढाएका छन्। चार नगरपालिका र छ गाउँपालिका रहेको तनहुँमा नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) उम्मेदवार छनोटमा लागिपरेको छ। नेकपा एमाले तनहुँले चैत ३० गतेभित्रै स्थानीय तहका उम्मेदवारको सिफारिस गर्ने निर्णय गरेको छ। वडा कमिटी र पालिका कमिटीबाट सिफारिस भई आउने उम्मेदवारको नामावली चैत ३० गतेभित्र प्रदेश कमिटीलाई सिफारिस गरिने एमाले तनहुँका उपसचिव एवं प्रचार विभाग प्रमुख प्रदीपराज अधिकारीले जानकारी दिनुभयो। एमालेले वडा कमिटी र स्थानीय पालिका कमिटीलाई भने चैत २५ गतेभित्र उम्मेदवार सिफारिस गरेर जिल्ला कमिटीमा पठाउन निर्देशन दिएको छ। "सम्बन्धित कमिटीबाट सिफारिस भई प्राप्त नाममध्ये जिल्ला कमिटीले थप अध्ययन गरेर चैत ३० गतेभित्र प्रदेश कमिटीलाई नाम सिफारिस गर्ने निर्णय गरेको छ", उहाँले भन्नुभयो।

वडाध्यक्षलाई सम्बन्धित वडा कमिटीको सिफारिसमा जिल्ला कमिटीले नै उम्मेदवारको निर्णय गर्ने र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको उम्मेदवारी स्थानीय पालिका कमिटी र जिल्ला कमिटीको सिफारिसमा प्रदेश कमिटीले निर्णय गर्ने बताइएको छ। घिरिङ गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेबाट पाँच जना आकाङ्क्षी रहेका छन्। उक्त गाउँपालिकाको अध्यक्षमा एमालेबाट वर्तमान अध्यक्ष रनबहादुर रानासहित गण्डकी प्रदेश कमिटीका सदस्यद्वय विष्णुभक्त सिग्देल र होमबहादुर थापा, गाउँपालिका कमिटीका अध्यक्ष विष्णुप्रसाद ढकाल र जिल्ला कमिटी सदस्य इन्द्र थापा आकाङ्क्षी रहनुभएको छ। भानु नगरपालिकाको प्रमुख पदमा नेकपा एमालेबाट सात जना आकाङ्क्षी देखिएका छन्। प्रमुखको आकाङ्क्षीमा सुनिल पाण्डे, सीताराम बजगाईं, हरिबहादुर पाण्डे, कलाकुमारी ढकाल, शङ्कर रानाभाट, कृष्णराज ढकाल र श्याम थापा रहनुभएको छ। त्यस्तै प्रमुखमा रुपा लामा, देवु विष्ट, भगवती देउजा र गीता अधिकारी आकाङ्क्षी हुनुहुन्छ। नेपाली कांग्रेसले तनहुँका सबै पालिकाबाट आकाङ्क्षीको नामावली सङ्कलन गरेको छ। चार नगरपालिका र छ गाउँपालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका साथै वडाध्यक्ष र वडा सदस्यका आकाङ्क्षीको नामावली सङ्कलन गरिएको कांग्रेस तनहुँले जनाएको छ। कांग्रेसका सबै पालिकास्तरीय समितिले आकाङ्क्षीको नाम सङ्कलन गरेका छन्। त्यसका लागि आफूले चाहेको पदमा उम्मेदवारी दर्ता गरिएको छ। उम्मेदवारी दर्ताका लागि शुल्क पनि तोकिएको छ। व्यास नगरपालिकाको प्रमुखका लागि नेपाली कांग्रेसभित्र १५ जनाले आकाङ्क्षा व्यक्त गरेका छन्। वर्तमान प्रमुख वैकुण्ठ न्यौपानेदेखि जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेसम्मले प्रमुखका लागि उम्मेदवारी दर्ता गराउनुभएको छ। पूर्वसभापति रघुनाथ पौडेल, जिल्ला उपसभापति देवकुमार श्रेष्ठ, सचिव लक्ष्मीभक्त खनाल, पूर्वसचिव विश्व बाँस्तोला, अशोककुमार श्रेष्ठ, समुन्द्र गोदार, डम्बरबहादुर अधिकारी, शेषरमण न्यौपाने, हरिदत्त पौडेल, शङ्कर पौडेल, विद्या खनाल, वृषराज श्रेष्ठ र दीपकराज जोशीले प्रमुखका लागि उम्मेदवारी दर्ता गराउनुभएको छ।

यसैगरी उपप्रमुखका लागि सात जनाको उम्मेदवारी परेको छ। हालका उपप्रमुख मिरा जोशीसहित नारायणी अधिकारी, कल्पना पोखेल, इन्दिरा दरै, नोमा थापा, मुन्नि शाही ठकुरी र वीणा कैनीको उम्मेदवारी परेको छ।

त्यस्तै म्याग्दे गाउँपालिकाको अध्यक्षका लागि नेपाली कांग्रेसबाट सात जनाले दाबी गरेका छन्। कांग्रेस म्याग्देका सचिव गौरवराज रानाका अनुसार अध्यक्षका लागि वर्तमान अध्यक्ष मायादेवी राना, उपाध्यक्ष बालकृष्ण घिमिरे, रामकृष्ण विक, रामभक्त घिमिरे, जीतराज राना, पवित्रा घिमिरे र हुतमणि अधिकारीले आकाङ्क्षा व्यक्त गर्नुभएको छ। यसैगरी उपाध्यक्ष पदका लागि लक्ष्मी वाग्ले, कुमारी राना, जानकी थापा र शुभद्रा घिमिरेले आकाङ्क्षा व्यक्त गर्नुभएको छ। शुक्लागण्डकी नगरपालिकाको प्रमुखका लागि कांग्रेसबाट १० जनाले आकाङ्क्षा व्यक्त गरेका छन्। हालका प्रमुख किसान गुरुङसँगै व्यवसायी कृष्णराज पण्डित, प्राध्यापक डा कृष्णप्रसाद गौतम, महेश्वर भट्टराई, भक्तबहादुर श्रेष्ठ, सन्तोष घिमिरे, खेमराज अधिकारी, श्रीराम सुवेदी, हरि वाग्ले र माधव भट्टराईले प्रमुखको लागि उम्मेदवारी दर्ता गराउनुभएको छ। उपप्रमुखमा तारा अधिकारी, चन्द्रकला भट्टराई, टीकामाया पौडेल, पम्फा थापा, प्रकाश विक, कृष्णप्रसाद रेग्मी, रेशमलाल पौडेल र बीना खनालले उम्मेदवारी दर्ता गराएको कांग्रेस शुक्लागण्डकीका सहसचिव भीष्म श्रेष्ठले जानकारी दिनुभयो।

भानु नगरपालिकाको प्रमुखका लागि नेपाली कांग्रेसका १५ जनाले आकाङ्क्षा देखाएका छन्। हालका प्रमुख उदयराज गौलीले पुनःप्रमुखका लागि इच्छा देखाउनुभएको छैन। उपप्रमुख आशा थापाले प्रमुखका लागि इच्छा व्यक्त गर्नुभएको छ। क्षेत्रीय सभापति श्याम मौराती, पूर्वसचिव लक्ष्मी आचार्य, चिनु पोखेल, आनन्दराज त्रिपाठी, टेकबहादुर गुरुङ, राजन श्रेष्ठ, विश्वेश्वर खनाल, विपिन्द्र अधिकारी, कमल पण्डित, सहदेव अधिकारी, गोविन्दराज सिलवाल, उत्तमप्रसाद लोहनी, छत्रराज भण्डारी र अर्जुन अधिकारीले प्रमुख दाबी गर्नुभएको छ। उपमेयरका लागि रामकुमार श्रेष्ठ, उर्मिला पन्त केसी, विष्णु भण्डारी, दुर्गा भण्डारी, सविता उप्रेती र सङ्गीता जिसीले दाबी गर्नुभएको छ। भिमाद नगरपालिकाको प्रमुखका लागि कांग्रेसभित्र सात जना आकाङ्क्षी देखिनुभएको छ। प्रमुखका लागि नगर सभापतिदेखि क्षेत्रीय सभापतिसम्मले इच्छा व्यक्त गर्नुभएको छ। भिमाद नगरसभापति अरविन श्रेष्ठ, क्षेत्रीय सभापति चूडामणि खनाल, जिल्ला सहसचिव मिलन आले, इन्दिरा खनाल, गोपालप्रसाद पराजुली, श्यामसुन्दर जोशी र रामकृष्ण रानाले इच्छा प्रस्तुत गर्नुभएको छ। उपप्रमुखका लागि आठ जनाको दाबीच छ। उपप्रमुखका लागि रेशम गैह्रे, इन्द्रकुमारी सिग्देल, याममाया थापा, टुकामणि सिग्देल, निरञ्जना खनाल, रोमाया थापा, केवलसिं ठकुरी र देवी सुवेदीको दाबी छ। कांग्रेस भिमाद सभापति अरविन श्रेष्ठले प्रमुख/उपप्रमुखका आकाङ्क्षीबीच छलफल जारी रहेको बताउनुभयो। भिमाद निवासी कांग्रेस जिल्ला सभापति जीतप्रकाश आलेले भने प्रमुखका लागि दाबी गर्नुभएको छैन। कांग्रेसका अन्य तहका सबै सभापतिले प्रमुख/अध्यक्षमा दाबी गरिरहँदा उहाँले भने प्रमुखका लागि दाबी नगर्नुभएको हो। ऋषिङ गाउँपालिकाको अध्यक्षका लागि १३ जनाले इच्छा व्यक्त गरेका छन्। कांग्रेसको राम्रो पकड रहेको यो पालिकामा अध्यक्ष बन्नका लागि १३ जनाले दावा गरेका हुन्। अध्यक्षका लागि संविधानसभा सदस्य भुलबहादुर आलेले पनि इच्छा व्यक्त गर्नुभएको छ। यस्तै हालका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ पनि पुनःदोहोरिन चाहनुभएको छ। तरुण नेता जीवनचन्द ठकुरीले पनि अब युवाले नेतृत्व पाउनुपर्ने भन्दै अध्यक्षका लागि इच्छा व्यक्त गर्नुभएको छ।

यस्तै मोहन गिरी, पर्शुराम गिरी, इन्द्र आले, तिलबहादुर थापा, दुर्गाबहादुर राना, श्रीराम आले, लालबहादुर थापा, मथुराकृष्ण श्रेष्ठ, महेन्द्र अधिकारी र अशोक गिरीले पनि अध्यक्षमा चाहना गर्नुभएको छ। उपाध्यक्षका लागि हालकी उपाध्यक्ष गिनुमाया थापा, सविना राना, पार्वती गिरी, लक्ष्मी मल्ल र इन्द्र आलेले चाहना राखेका राख्नुभएको छ। नेकपा माओवादी केन्द्रले पनि स्थानीय तह निर्वाचनको तयारी थालेको छ। माओवादी केन्द्र व्यास नगरसमितिले एक हजार १११ सदस्यीय निर्वाचन परिचालन कमिटी गठन गरेको अध्यक्ष रामचन्द्र सापकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार उम्मेदवार छनोटका लागि चैत ३० गतेभित्र सम्बन्धित वडाबाट तीन/तीन जनाको नाम जिल्ला कमिटीलाई सिफारिस गर्न निर्देशन दिइएको छ।

# सहकारीसहित सात घरमा चोरी

पोखरापत्र संवाददाता
बागलुङ, २५ चैत

बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेरा बजारमा गत राति एक सहकारीसहित सात घरमा चोरी भएको छ। सिवाइसी बचत तथा ऋण सहकारी संस्थाको कुश्मीशेरा शाखासहित स्थानीय छ जनाको घरमा चोरी भएको हो।

कुश्मीशेरा बजारका व्यवसायी गोविन्द अँखेलीको घरबाट दुई तोला सुन र नगद रु २० हजार चोरी भएको चेम्बर अफ कमर्श कुश्मीशेराका अध्यक्ष विष्णु आचार्यले बताउनुभयो। त्यस्तै शान्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक यामबहादुर जिसीको घरबाट रु पाँच हजार चोरी भएको छ। कुश्मीशेरा बजारमा व्यापार गर्ने अनिल सापकोटाको पसलबाट रु २७ हजार चोरी भएको आचार्यले बताउनुभयो। चुडामणि शर्माको मेडिकल, नयनसिंह थापाको घर र मनबहादुर परियारको पसलबाट पनि चोरी भएको छ। उहाँहरूको के-कति चोरी भएको भन्ने विषयमा खोजी भइरहेको छ। सिवाइसी बचत तथा ऋण सहकारी संस्थाको शाखा रहेको घरमा समेत तोडफोड भएको आचार्यले बताउनुभयो। चोरी भए, नभएको विषयमा खोजी भइरहेको छ। चोरी भएका सबै घर तथा पसलमा झ्याल, ढोका फोडेर चोरी भएको प्रहरीले जनाएको छ। बिहीबार राति साढे २ बजेसम्म बजारमा गस्ती गरेको प्रहरीले चोरीका विषयमा आज बिहानमात्रै जानकारी पाएको जनाएको छ। घटनाका विषयमा खोजी र अनुसन्धान भइरहेको प्रहरी चौकी कुश्मीशेराका हवल्दार हरि शर्माले जानकारी दिनुभयो। तीन महिना पहिला कुश्मीशेरा बजारकै हेमलाल पौडेलको पसलफोडेर चोरी भएको थियो। प्रहरीले त्यतिबेला चोरी गर्नेलाई समेत पक्राउ गर्न सकेको छैन। तीन महिनापछि कुश्मीशेरा बजारमा पुनः चोरीका घटना बढेको स्थानीयवासी बताउँछन्।

# 'प्रजातन्त्रको आधारस्तम्भ जनता हुन्'

पोखरापत्र संवाददाता
दमौली, २५ चैत

प्रजातान्त्रिक विचार समाजका वरिष्ठ उपाध्यक्ष एवं वरिष्ठ पत्रकार कुलचन्द्र वाग्लेले प्रजातन्त्रको आधारस्तम्भ जनताको भएको बताउनुभएको छ। प्रजातान्त्रिक विचार समाज तनहुँको शुक्रबार आयोजित पाँचौं जिल्ला अधिवेशनमा उहाँले प्रजातन्त्र आए पनि सामाजिक विभेद निर्मूल गर्न नसकिएको धारणा राख्नुभयो। प्रजातान्त्रिक रूपबाट मुलुक नचल्दा विभिन्न समस्या आउने बताउँदै वाग्ले प्रजातन्त्रको आधारस्तम्भ नेपाली जनता भएको उल्लेख गर्नुभयो।

प्रजातन्त्रमा स्वतन्त्र, निष्पक्ष, निर्भीक आवधिक निर्वाचन आवश्यक रहेको उहाँको भनाइ थियो। आवधिक निर्वाचनसँगै अभिव्यक्ति स्वतन्त्रता पनि प्रजातन्त्रमा महत्वपूर्ण रहेको वाग्लेले बताउनुभयो।

प्रजातान्त्रिक विचार समाज तनहुँका अध्यक्ष ब्रम्हदत्त तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस तनहुँका उपसभापति देवकुमार श्रेष्ठ, समाजका केन्द्रीय सचिव बासुदेव भण्डारी, त्रिभुवन क्याम्पस प्रमुख रवीन्द्रराज जोशी, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि अशोककुमार श्रेष्ठ, समाजका सचिव प्रदीप घिमिरेलगायतले मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा जिविस महासङ्घका पूर्वमहासचिव डा शेषरमण न्यौपानेले लोकतन्त्रका आधार स्तम्भबारे प्रस्तुतीकरण राख्नुभएको थियो। यसैबीच कार्यक्रमको अवसरमा आयोजित लोकतन्त्रका आधार स्तम्भ विषयक वक्तृत्वकला प्रतियोगितामा जनज्योति क्याम्पस भिमादका विवश पराजुली प्रथम हुनुभएको छ।

बेलचौतारास्थित भानुभक्त क्याम्पसका हरि खरेल द्वितीय, आदिकवि भानुभक्त क्यामपसका अलिशावंशी ठकुरी तृतीय र महर्षि वेदव्यास संस्कृत मावि दमौलीका प्रवेशचन्द्र घिमिरे सान्त्वना हुनुभएको छ।

यसैबीच अधिवेशनले पुनः ब्रम्हदत्त तिमिल्सिनाको अध्यक्षतामा कार्यसमिति चयन गरेको छ। अधिवेशनबाट समाजको उपाध्यक्षमा गौकुमारी न्यौपाने, सचिवमा ओमकार आचार्य, सहसचिवमा महेन्द्रराज शर्मा, कोषाध्यक्षमा जनक काफ्ले चयन हुनुभएको छ।

# मनाङका ७२० बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाइँदै

पोखरापत्र संवाददाता
मनाङ, २५ चैत

टाइफाइडविरुद्धको खोप अभियानअन्तर्गत मनाङका ७२० बालबालिकालाई खोप लगाइँदैछ। तीन पालिकामा बिहीबारदेखि तथा एउटा पालिकामा दोस्रो चरणमा बालबालिकालाई खोप लगाइनेछ। जिल्लामा विभिन्न स्थानीय तहका विद्यालयसहित स्वास्थ्य केन्द्र गरी २३ खोप केन्द्रमार्फत खोप लगाइने स्वास्थ्य कार्यालयका बाबुराम आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार ८० प्रतिशत भन्दा बढी खोप केन्द्र विद्यालयमा राखिएको छ।

विद्यालयको खोप केन्द्रमार्फत ५३९ र विद्यालय बाहिर १८१ बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाइँदैछ। पहिलो चरणमा चैत २५ गतेदेखि २९ गतेसम्म नासों, चामे र मनाङ ङिस्याङ गाउँपालिकामा खोप अभियान सुरु गरिएको छ। दोस्रो चरणमा चैत ३० गतेदेखि वैशाख ३ गतेसम्म नार्पाभूमि गाउँपालिकामा खोप दिइनेछ।

पन्ध्र महिनादेखि १५ वर्षमुनिकालाई खोप दिइँदैछ। अभियानमा स्वास्थ्यकर्मी र स्वयंसेवक गरी ७२ जना परिचालन गरिएको छ। खोप अभियानलाई प्रभावकारी बनाउन जिल्लाका स्वास्थ्यकर्मीलाई यसअघि नै तालिम प्रदान गरिएको आचार्यले बताउनुभयो।

# सगरमाथा शिखरमा पुग्ने सुरक्षित बाटोको खोजीमा फ्रान्सेली आरोही

रासस
काठमाडौं, २५ चैत

संसारभरका मानिसले सगरमाथाको देश भनेर नेपाललाई चिन्छन्। सर्वोच्च शिखरको आरोहण गर्ने कुरा धेरैका लागि सपनाको उडान जस्तै लाग्छ। तीमध्ये केहीले यसको सफल आरोहण गरिसकेका छन् भने केही आगामी दिनमा सफल यात्रा गर्ने गौरीला भनेर प्रतीक्षारत छन्।

स्वर्गको टुक्रा जस्तै लाग्ने सगरमाथाको उडान आफैंमा साहसको एउटा प्रतिबिम्ब बन्न पुगेको छ। मानिस जति रोमाञ्चित छ, त्यत्ति सजिलो भने छैन सगरमाथाको उचाइ नाप्ने कुरा। किनकि, हिमनदी र हिमखाल्डोका कारण धेरैले जीवनको इहलीला उतै समाप्त गर्नुपरेको छ। हिमालमा जति आकर्षण छ, त्योसँगै पीडा र वेदना पनि उत्तिकै छ। किनकि, क्षणभरमा जीवन सकिदिने क्षमता उसैसँग छ। तर आरोहणको सफल प्रतीक्षा भने धेरै साहसीका लागि अझै पनि कुरेर बसिरहेको छ। सर्वोच्च शिखरमा १३ वर्ष बालकदेखि ८० वर्षका वृद्धले पनि सफलताको उचाइ बनाएका छन्।

केही आरोही तीव्र गतिका साथ आरोहण गरेर रेकर्ड बनाएका छन् भने कोही अक्सिजन विना नै सगरमाथा पुगेका छन्। एक आरोहीले त सगरमाथा पुगेर प्याराग्लाइडिङ समेत गरेर रेकर्ड कायम राखे भने एक जोडीले त्यही विवाह गरेको रेकर्ड पनि छ। सगरमाथासँग जोडिएका सयौं रेकर्ड बनिरहेका छन्। आगामी दिनमा पनि बन्ने नै छ।

तर सुरक्षित आरोहण गरेर सुरक्षित फर्कने विषयमा आफैंमा अर्को महत्वपूर्ण छ। शिखर पुगेर नापेको सफलताको उचाइ आफ्ना घर परिवार, आफन्त र साथीभाइलाई सुनाउन नपाउँदै धेरै आरोही हिउँको काखमा नै निदाएका छन्। जो कहिल्यै उठ्ने छैनन्। जलवायु परिवर्तनका कारण हिमालमा तापक्रम वृद्धि हुँदै गएको छ। हिमनदीहरु पग्लँदै छन्। खुम्बु हिमनदी संसारका लामा हिमनदी मध्येको एक हो। यही हिमनदीले सगरमाथा आरोहणमा गएकालाई फर्केर आउन दिएको छैन। फ्रेन्च आरोही जिन मार्क बोविनले सगरमाथाबाट पहिलो पटक प्याराग्लाइडिङ गरेर सन् १९८८ मा रेकर्ड राखेका थिए। नेपाली शेर्पाको सगरमाथा आरोहणमा देखाएको साहसको संसारभर नै प्रशंसा हुने गरेको छ। शेर्पालाई विश्वास र मिहिनेतको प्रतीकका रुपमा समेत लिइन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : आर्थिक समस्या |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : मन चञ्चल |
| कन्या | : कार्यमा सफलता | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## अर्जेन्ट चाहियो

अफिसको लागि
साधारण लेखपढः ३ जना
SLC, +2 above : ५ जना
तलबः आर्कषण
सम्पर्कः
९८१५१५७८०२
९८४६६४७६२७


# माओवादी केन्द्र पोखरा महानगरको अध्यक्षमा गिरी

पोखरापत्र संवाददाता
कास्की, २५ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) पोखरा महानगर समितिको अध्यक्षमा हरिनारायण गिरी (विज्ञान) निर्वाचित हुनुभएको छ। महानगर समितिका अध्यक्षलगायतका पदाधिकारी चयनका लागि आज भएको निर्वाचनमा गिरीले प्रत्याशी शिवजी लामिछानेलाई पराजित गर्दै अध्यक्षमा विजयी हुनुभयो। गिरीले ३९ र लामिछानेले ३७ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत वेदनाथ भण्डारीले जानकारी दिनुभयो।

यसैगरी समितिको उपाध्यक्षमा हर्कमान विश्वकर्मा, भानुभक्त अधिकारी र विमला पहारी विजयी हुनुभयो। तीन जना उपाध्यक्षका लागि पाँच जनाको उम्मेदवारी परेको थियो। सचिवमा जनक पराजुली, सहसचिवमा ईश्वरीप्रसाद लम्साल र कोषाध्यक्षमा बुद्धिमाया गुरुङ निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक कमल ढकालले जानकारी दिनुभयो।

गत मङ्सिर ११ गते पोखरामा अधिवेशन सम्पन्न भए ८४ सदसीय समिति सदस्यहरु चयन गरे पनि नेतृत्वमा आकाङ्क्षीका बीचमा सहमति नहुँदा अध्यक्षलगायतका पदाधिकारी चयन हुन सकेको थिएन। फागुन अन्तिम साता एक पक्षले गिरीलाई नै अध्यक्ष घोषणा गर्दै पदाधिकारी चयन गरिएको घोषणा गरेपछि विवाद उत्पन्न भएको थियो। असन्तुष्ट पक्षले सोका विरुद्ध समितिमा हस्ताक्षर सङ्कलन गरेर पार्टी जिल्ला, प्रदेश र अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) समक्ष बुझाएको थियो। अध्यक्ष प्रचण्डले प्रक्रियाका माध्यमबाट तत्काले विवाद समाधान गर्न पार्टीको प्रदेश र जिल्ला नेतृत्वलाई निर्देशन दिएपछि समितिको बैठक बसेर मतदानका माध्यमबाट अध्यक्षलगायतका पदाधिकारी चयन गरेको हो। यससँगै पार्टीभित्र देखिएको विवाद समाधान भएको माओवादीले जनाएको छ। नवनिर्वाचित अध्यक्ष गिरीले भौगोलिकरूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरमा पार्टीलाई एक ढिक्का बनाएर स्थानीय तहको निर्वाचनमा होमिने बताउनुभयो। महानगरका ३३ वटै वडामा निर्वाचन सम्पर्क कार्यालय स्थापना, उम्मेदवार चयनलगायत निर्वाचन केन्द्रीय पार्टी गतिविधिलाई तत्काले सुरु गरिने उहाँले जानकारी दिनुभयो। निर्वाचित पदाधिकारीहरलाई पार्टीका गण्डकी प्रदेशका इन्चार्ज एवं पूर्वमन्त्री हितराज पाण्डे (उत्तम), कास्की जिल्ला इन्चार्ज एवं पार्टी केन्द्रीय सदस्य राजकाजी गुरुङ, पार्टीका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालालगायतले बधाई तथा शुभकामना व्यक्त गर्नुभयो।

# पोखरामा समृद्धिका महत्वपूर्ण आधार तयार हुँदै

–वासुदेव पौडेल
गण्डकी, २५ चैत (रासस)

स्थानीय तहको निर्वाचन भई पाँच वर्षे कार्यकाल सकिँदै गरेका अवस्थामा आसन्न स्थानीय तहको निर्वाचनका लागि यतिखेर राजनीतिक दल तथा निर्वाचन आयोग आ-आफ्नो तयारीमा जुटेका छन् ।

सङ्घीयताको नयाँ अभ्याससँगै लामो समयको स्थानीय तहको रिक्तताका अवस्थामा नेतृत्व सम्हालेका पालिकाका पदाधिकारीसहित वडाध्यक्ष एवं सदस्यको यो कार्यकाललाई अवसर र चुनौतीको दोसाँधका रूपमा हेरिएको थियो । घरघरमा सिंहदरबारको अवधारणासहित जनताका हकअधिकारलाई वडा तहबाटै दिने राज्यको लक्ष्यका बाबजुद सीमित स्रोतसाधनमा काम गर्नुपर्दा जनताका अपेक्षालाई पूर्ण रूपमा सम्बोधन गर्न नसके पनि यसबीचमा विभिन्न पूर्वाधार विकाससँगै आगामी दिनका लागि महत्वपूर्ण आधार निर्माण भएको नेतृत्वको दाबी छ ।

भौगोलिक दृष्टिकोणले देशकै ठूलो महानगरका रूपमा रहेको पोखरामा यस अवधिमा विभिन्न महत्वपूर्ण उपलब्धि हासिल भएको पोखरा महानगरपालिकाका प्रवक्ता धनबहादुर नेपालीले जानकारी दिनुभयो । "धेरै जनअपेक्षाकाबीच काम गरिँदा विभिन्न पूर्वाधार विकाससँगै समृद्धि र विकासका लागि महत्वपूर्ण आधार तयार भएको छ", उहाँले भन्नुभयो, "नयाँ व्यवस्थाका कारण सर्वप्रथमः कानुन निर्माण गर्नुपर्ने आवश्यकता थियो, हामीले यसबीचमा १२४ वटा कानुन निर्माण गर्‍यौं ।" आफूहरूले काम थाल्दा कार्यालय भवन एवं पूर्वाधारको अभावको अवस्था रहेको बताउँदै उहाँले कूल ३३ वटा वडामध्ये २१ वडाका नयाँ सुविधासम्पन्न भवन बनेको र बाँकी वडालाई मर्मत एवं पुनःनिर्माण गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार महानगरवासीलाई वडाबाटै सेवा सुविधा प्रदान गर्ने लक्ष्यका साथ अधिकार सम्पन्न बनाउँदै प्रविधिमा आधारित सेवा प्रदान गरिएको छ । सरकारी कामकाजमा परम्परागत रूपमा चल्दै आएको हातेलेखनलाई पूर्णरूपमा विस्थापन गर्दै प्रविधिमैत्री बनाइएको उहाँले बताउनुभयो । उहाँका अनुसार महानगरपालिकाले हरेक वडामा इञ्जिनीयर एवं जुनियर इञ्जिनीयर व्यवस्थापन गरी योजना, घर नक्शा, राजस्व तथा वडास्तरीय योजनाको भुक्तानी वडाबाट हुने गरी व्यवस्था मिलाएको छ । महानगरपालिकाले प्रस्तावित योजनाको लागत स्टिमेट गरी सो आधारमा योजना तथा बजेट प्रस्ताव गर्ने पद्दतिको थालनी गर्दै यसलाई सहयोग पुग्ने गरी तीन वर्षीय महानगर आवधिक योजना सार्वजनिक गरेको छ । सडक पूर्वाधारलाई व्यवस्थित बनाउने योजनाअनुरुप महानगरभित्र तीन सय मिटर सडक कालोपत्र तथा ढलान गरिएको जनाइएको छ । 'हामी बनाउँछौं, हाम्रो महानगर' कार्यक्रम अन्तर्गत ५० प्रतिशत महानगरको अनुदान र ५० प्रतिशत समुदायको सहभागितामा गरिएका कार्यक्रम प्रभावकारी बनेको उहाँको भनाइ छ । महानगरभित्रका ग्रामीण वस्तीका वडामा एक घर एक धारा कार्यक्रम, वृहत् खानेपानी योजना आदि कामबाट महानगरवासी लाभान्वित बनेको उहाँले बताउनुभयो ।

महानगरवासीलाई न्यायिक समितिमार्फत धेरै लाभ पुगेको बताउँदै उहाँले यसबीचमा २३५ वटा मुद्दा महानगरबाट टुङ्गो लगाइएको जानकारी दिनुभयो । वडास्तरीय मेलमिलाप केन्द्रबाट प्रभावकारी रूपमा सेवा प्रवाह भएको उहाँले बताउनुभयो । महानगर क्षेत्रमा नदी तथा खोलाक्षेत्रको जमिन कटान, पहिरो नियन्त्रण लगायतका कामलाई पनि प्राथमिकताका साथ अघि बढाइएको र विभिन्न सामुदायिक समूहका भवन निर्माण एवं मर्मत सहयोग, दाहसंस्कारस्थल तथा घाटनिर्माण आदि सम्पन्न भएको दाबी गरिएको छ ।

सार्वजनिक जग्गा संरक्षणको कामलाई जोड दिइए पनि विद्यमान कानुन, महानगरको प्रहरी जनशक्तिको अभाव, सङ्घ तथा प्रदेश सरकारबीचको समन्वयलगायतका कारणबाट अपेक्षित सफलता हासिल हुन नसकेको महानगरले जनाएको छ । महानगरभित्र विभिन्न स्थानमा ९५ वटा पार्क निर्माण गरिसकिएको छ । एक वडा एक खेलमैदान कार्यक्रमसँगै महानगरभित्र विभिन्न ५० वटा खेलमैदान निर्माण गरिएको छ ।

महिला सशक्तिकरणका साथै आयआर्जनका दृष्टिबाट कमजोर महिलालाई आयआर्जनसँग जोड्ने लक्ष्यका साथ उपमेयरसँग महिला कार्यक्रम अन्तर्गत अनुदान सहयोग एवं कम ब्याजमा ऋण सहयोग गर्ने वातावरण तयार गरी महिला उद्यमशीलता अभिवृद्धिका काम अघि बढाइएको छ । पोखराको सडक व्यवस्थालाई प्रभावकारी बनाउन मुख्य चोकमा सेन्सर लाइट जडानका काम भइरहेको, त्यस्तै मुख्य सडक तथा चोकमा सिसी क्यामेरा जडान जस्ता कामलाई प्राथमिकताका साथ अघि बढाइएको छ ।

सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था, प्रयोगशाला, पुस्तकालय आदिमा जोड दिइएको छ । त्यस्तै विद्यालयको मर्मतका साथै शौचालय निर्माण, कम्प्युटर ल्याब स्थापना, विज्ञान प्रयोगशाला, आइसिटी ल्याब आदिलाई प्राथमिकताका साथ अघि बढाइएको महानगरपालिकाले जनाएको छ । फेवातालसहित महानगरभित्रका तालको दीर्घकालीन संरक्षणका प्रयाससँगै सौन्दर्यकरण र दीर्घकालीन संरक्षणको योजना तयार पारिएको छ । बढ्दो कोभिड सङ्क्रमण र महामारीबाट नागरिकको सुरक्षाका लागि महानगरले आफ्नो छुट्टै कोभिड उपचार केन्द्र स्थापनासँगै क्वारेन्टिन र आइसोलेशन सञ्चालन, पिसिआर स्वाब सङ्कलनलगायतका कामलाई निरन्तरता दिइएको जनाइएको छ । विश्वका विभिन्न देशका सहरसँग भगिनीसम्बन्ध विस्तार गर्ने कामअनुरुप पोखरा महानगरले विश्वका विभिन्न १२ सहरसँग सम्बन्ध विस्तारका साथै देशभित्रका सहरसँग सिस्टर सिटीसम्बन्ध कायम गरेको छ ।

यस अवधिमा साना तथा ठूला फुटपाथ निर्माण, सार्वजनिक शौचालय, मठ, मन्दिर, चौतारा सम्पन्न भएको महानगरले जनाएको छ । यसबीचमा चाहेरै पनि कतिपय लक्षित काम गर्न नसकिएको बताउँदै प्रवक्ता नेपालीले पोखरामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बनाउने, पोखरा बसपार्कलाई व्यवस्थित गर्ने, अटोल्याण्ड बनाउने जस्ता केही महत्वपूर्ण काम गर्न नसकिएको उहाँले बताउनुभयो । "चुनावमा गरेका प्रतिबद्धता अनुसार झण्डै ७० प्रतिशत काम यसबीचमा सम्पन्न भएका छन्", उहाँले भन्नुभयो, "कतिपय काम कानुनी जटिलता, सङ्घ तथा प्रदेशसँगको समन्वय, सीमित साधनस्रोत आदिका कारण हुनसकेका छैनन् ।" पोखरा महानगरपालिकाका प्रमुख तथा उपप्रमुखसहित २२ वटा वडामा नेकपा एमालेको नेतृत्व छ भने ११ वटा वडामा कांग्रेसले नेतृत्व गरेको छ ।

महानगरको दुई तिहाई स्थानमा निर्वाचित नेकपा एमालेको नेतृत्वले कांग्रेसले नेतृत्व गरेका वडामा भने आग्रह पूर्वाग्रहका कारण बजेट कम दिइएको पोखरा महानगरपालिका कांग्रेस दलका नेता तथा सचेतक रामराज लामिछानेले बताउनुभयो । महानगरको समग्र विकासका लागि प्रतिपक्षका तर्फबाट आफूहरूको निरन्तर साथ सहयोग रहेपनि महानगरको नेतृत्वले त्यसलाई आत्मसात नगरी सधैं आग्रह पूर्वाग्रह राखेको उहाँले बताउनुभयो । उहाँले पोखरा बसपार्क निर्माण जस्ता महत्वपूर्ण कामलाई अघि नबढाइएको बताउनुभयो । भाषणमा महानगरका गौरवका योजना बनाउने भन्ने गरिए पनि व्यवहारमा त्यस्ता कुनै पनि योजना अघि नबढाइएको उहाँको भनाइ छ । महानगर नेतृत्वले सुरुमा स्मार्ट सिटी बनाउने कुरा गरेकोमा पछि त्यो नसकेर ग्रिन सिटीको कुरा गरेको उल्लेख गर्दै लामिछानेले त्यो पनि कार्यान्वयनमा नल्याइ अहिले अव्यवस्थित फोहरका कारण पोखरा कुरुप सिटी जस्तै बन्दै गएको बताउनुभयो ।

# म्याग्दीमा पाँच दलले चुनावी तालमेल गर्ने

पोखरापत्र संवाददाता
म्याग्दी, २५ चैत

आगामी वैशाख ३० गते हुने स्थानीय तह चुनावमा म्याग्दीमा सत्ता गठबन्धनका पाँच दलले तालमेल गर्ने भएका छन् ।

नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी (जसपा)का नेताहरुको बिहीबार बेनीमा बसेको संयुक्त बैठकले म्याग्दीका छवटै स्थानीय तहमा साझा उम्मेदवार बनाउने निर्णय गरेका हुन् ।

कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा (खम्बिर)को अध्यक्षतामा बैठक बसेको थियो । पाँचदलीयसंयन्त्रकोतर्फबाट माओवादी केन्द्रका जिल्ला संयोजक रेशम जुग्जाली, नेकपा एकीकृत समाजवादीका अध्यक्ष कृष्णकुमार विश्वकर्मा, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष छवि विश्वकर्मा र जनता समाजवादीका अध्यक्ष देवेन्द्रबहादुर विश्वकर्मा सहभागी हुनुभएको थियो । यसअघिको पहिलो बैठकले कांग्रेस सभापति गर्बुजाको संयोजकत्वमा गठन भएको पाँच दलीय संयन्त्रले वडा तहबाट सबै दलको शक्ति आंकलन र अनुमानित मत विवरण सङ्कलन गर्ने निर्णय गरेको थियो । कांग्रेसका सचिव पुनले सबै दलले वडा र पालिकाबाट सङ्कलन गरेको विवरणलाई केन्द्रित र विश्लेषण गरेर केन्द्रीय संयन्त्रले बनाउने विधिका आधारमा कहाँ कसको उम्मेदवार बनाउने निर्णय लिइने बताउनुभयो ।

"कुन दलले कुन पालिकामा उम्मेदवार उठाउने भन्ने निर्णय गर्न बाँकी छ", उहाँले भन्नुभयो, "सबै दलको सबै वडाबाट आएको रिपोर्टका आधारमा उम्मेदवारी बाँटफाँट गरिन्छ ।" चुनावी तालमेल गर्न जिल्ला र पालिकास्तरीय संयन्त्र विस्तार गरेका छन् ।

विसं २०७४ को निर्वाचनमा कांग्रेसले बेनी नगरपालिकामा प्रमुख र तीन गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष र १५ वटा वडामा अध्यक्ष जितेको थियो । माओवादी केन्द्रले सात वटा वडा जितेको थियो । एमालेले दुई गाउँपालिका अध्यक्ष, तीन गाउँपालिका उपाध्यक्ष र २३ वटा वडाध्यक्ष जितेको थियो । बेनी नगरको उपप्रमुख राप्रपाले जितेको थियो । बेनी नगरपालिका, मङ्गला र धवलागिरि गाउँपालिकामा कांग्रेस र माओवादीले तालमेल गरेका थिए । रघुगङ्गामा एमाले र माओवादी, बेनीमा एमाले र राप्रपाले तालमेल गरेका थिए भने मालिका र अन्नपूर्ण गाउँपालिकामा तालमेल भएको थिएन ।

# जिल्लाका सबै नगरमा आँखा उपचारको पहुँच

पोखरापत्र संवाददाता
बागलुङ, २५ चैत

जिल्लाका सबै शहरी क्षेत्रमा आँखा उपचारको पहुँच विस्तार भएको छ । जिल्लाका चारवटै नगरपालिकाको केन्द्रमा आँखा उपचार केन्द्र स्थापना भएसँगै साना शहरी क्षेत्रमा आँखा उपचारको पहुँच विस्तार भएको हो ।

सदरमुकाममा धौलागिरि आँखा अस्पताल र बाँकी तीन नगरपालिकामा आँखा उपचार केन्द्रमार्फत सेवा प्रवाह भइरहेको नेपाल नेत्रज्योति सङ्घ बागलुङका अध्यक्ष भरत पुरीले बताउनुभयो । यसअघि उपचार केन्द्र नरहेको जिल्लाको जैमिनीमा बिहीबार आँखा उपचार केन्द्र स्थापना भएपछि नगरपालिकामा सर्वसाधारणको आँखा उपचारमा पहुँच पुगेको हो ।

गलकोटको हटिया बजार र ढोरपाटन नगरपालिकाको बुर्तिबाङ बजारमा यसअघि नै आँखा उपचार केन्द्र स्थापना भइसकेको छ । नेत्रज्योति सङ्घ बागलुङले हिमालयन आँखा अस्पताल पोखराको प्राविधिक सहयोग र जैमिनीको व्यवस्थापनमा आँखा उपचार केन्द्र स्थापना गरेको हो । अब दक्षिणी क्षेत्रका नागरिकले आँखाको सामान्य जाँच र उपचारका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता हटेको छ । उपयोगविहीन कृषिउपज सङ्कलन केन्द्रको भवन प्रयोग गरेर उपचार केन्द्र सञ्चालनमा ल्याइएको हो ।

तत्कालका लागि नेत्रज्योति सङ्घले कर्मचारीको व्यवस्थापन गर्ने र स्थानीय तहको निर्वाचनपछि नगरपालिकाले आँखा उपचार केन्द्रको सबै व्यवस्थापन गर्नेछ । प्राविधिक सहयोग भने हिमालयन आँखा अस्पतालसँग सहकार्य गरेर नेत्रज्योति सङ्घले गर्ने अध्यक्ष पुरीले बताउनुभयो । तत्कालका लागि आँखाको जाँच तथा उपचारका लागि आवश्यक रु १४ लाख मूल्य बराबरका उपकरण हिमालयन आँखा अस्पतालले सहयोग गरेको छ ।

# सातौँ लमजुङ महोत्सव सुरु

पोखरापत्र संवाददाता
लमजुङ, २५ चैत

'स्थानीय उत्पादन, संस्कृति तथा पर्यटन : कोभिड-१९ पछिको व्यवसाय पुनःस्थापना' भन्ने मूल नाराका साथ लमजुङ बेँसीसहर नगरपालिका-७ सहजीमा सातौं लमजुङ महोत्सव सुरु भएको छ । लमजुङ उद्योग वाणिज्य सङ्घको आयोजनामा आगामी वैशाख ४ गतेसम्म सञ्चालन हुने यस लमजुङ महोत्सव आजदेखि सुरु भएको हो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले महोत्सवको उद्घाटन गर्दै लमजुङको पर्यटक, सामाजिक, आर्थिकलगायत समग्ररूपमा लमजुङको विकासमा महोत्सवले टेवा पुऱ्याउने बताउनुभयो ।

उहाँले गण्डकी प्रदेश पर्यटकीय हिसाबले सम्भावना नै सम्भावना रहेको बताउनुभयो । उहाँले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि आउने पर्यटकलाई पर्यटन व्यवसायीले अन्नपूर्ण पदमार्गदेखि गाउँगाउँका होमस्टे, पर्यटकीय तथा ऐतिहासिकस्थलको प्रचारप्रसार गरी पर्यटकको बसाइ लम्बाउँदै आर्थिक आम्दानी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रदेश सरकारले पर्यटनलाई पहिलो प्राथमिकता साथ राखेको र प्रदेशको मुख्य समृद्धिको आधार नै पर्यटन रहेको उहाँको भनाइ छ । नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङले स्थानीय उत्पादन बढाउँदै लैजान सकेमा गाउँगाउँमा समृद्धि हुने बताउनुभयो । जिल्लामा हुने यस्ता महोत्सवले लमजुङकै विकासमा सहयोग पुऱ्याउने भएकाले यसमा सबै एकजुट भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । महोत्सव सुरुअघि जिल्लामा रहेका विभिन्न जातजाति तथा समुदायले आफ्ना वेशभूषासहित बेँसीसहर बजारमा झाँकी तथा ऱ्याली प्रदर्शन गरेका थिए । जिल्लामा रहेका परम्परागत कला संस्कृतिको जगेर्ना, व्यावसायिक कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, जलविद्युत् क्षेत्रमा लगानीमैत्री वातावरण तथा व्यापार व्यवसायलाई प्रदेशस्तरसम्म प्रवर्द्धन गर्ने एवं स्थानीय समुदायलाई मनोरञ्जन प्रदान गरी जिल्लाको आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्यका साथ महोत्वस आयोजना गरको आयोजक सङ्घका अध्यक्ष गुणराज सिलवालले बताउनुभयो ।

महोत्सवमा मुख्य आकर्षणका रूपमा औद्योगिक तथा व्यापारिक प्रदर्शनी, स्थानीय घरेलु तथा हस्तकला प्रदर्शनी, गण्डकी प्रदेशभित्र रहेका उद्योग तथा व्यावसायिक प्रतिष्ठानको विशेष प्रदर्शनी, कृषि, पुष्प तथा जडीबुटी प्रदर्शनी, फोटो तथा वृत्तचित्र प्रदर्शनी, जातीय एवं सांस्कृतिक सङ्ग्रहालय प्रदर्शनी रहेका छन् ।

# चैते दसैँ मेलाको मौलिकता हराउँदै

–खेमराज गौतम
बागलुङ, २५ चैत

बागलुङको बडिगाड गाउँपालिका-४ जलजलाका शशिराम विक २८ वर्षदेखि चैते दसैँ मेलामा चोयाँका सामग्री डाला, नाम्लो र डाली बेच्न बागलुङ बजार नजिकै रहेको कालिका मन्दिर परिसरमा आउनुहुन्छ ।

बिहीबारदेखि सुरु भएको चैते दसैँ मेलामा उहाँले जम्मा ४० थान मात्रै डाला बिक्रीका लागि ल्याउनुभएको छ । बर्सेनि डालाको व्यापार घट्दै गएपछि विकलाई डाला उत्पादनमा त्यति जाँगर नलाग्ने गरेको बताइएको छ । कोरोना भाइरस सङ्क्रमणले दुई वर्ष चैते दसैँ मेला नभएका कारणबाहेक २८ वर्षदेखि मेलामा चोयाँका सामग्री बिक्री गर्न आउनुभएका विकले चैते दसैँको मौलिकता हराउँदै गएको बताउनुभयो । परम्परा धान्नकै लागि जलजलाबाट यहाँ आए पनि पछिल्लो १० वर्षयता घरेलु उत्पादन सामग्री मेलामा रुचाउन छोडेको बताउनुभयो ।

वर्षभरि उत्पादन गरेको निगालोको चोयाँको डाली, नाङ्ला र डालो चैते दसैँ मेला, रिडीको मेला र शान्तिपुरको मेलामा राम्रो बिक्री भएर जीवन गुजारा चलाउँदै आउनुभएका विकले अब चोयाको उत्पादनबाट जीवन धान्न नसक्ने बताउनुभयो । "बाबाले चोयाबाट डाला, नाङ्ला, डोको, थुन्से लगायतका सामग्री बुनेको देखेर १७ वर्षको उमेरबाटै आफूले चोयाँको सामग्री बनाउन सिकेको थिएँ, पहिला राम्रो व्यापार थियो, चैते दसैँमा जलजलाबाट बोकेर बिक्रीका लागि यहाँ ल्याउँथे, अहिले सवारीले सहज त बनाएको छ, तर पहिला जस्तो अहिले चैते दसैँको रौनक छैन, घरेलु उत्पादन त अबदेखि बिक्री हुन नै छाडेँ", शशिराम विकले भन्नुभयो, "अहिले त प्लास्टिकका भाँडाकुँडा, खेलौना र खानपिनमा मेला समिति भएको छ, बागलुङ भरेको दुई दिनमा दुइटा मात्रै डालो बिक्री गरे, खास चैते दसैं भनेको दैनिक प्रयोगमा आउने ठेका, डाला, नाङ्ला, बाउँसो, आँसी लगायतका वस्तुहरुको खरिद बिक्री भन्ने बुझिन्थ्यो अहिले त्यस्तो छैन ।"

उहाँका तीन छोराले चोयाको सामग्री बनाउन सिकेका छैनन् । त्यसैले आगामी पुस्ताले यो पेसा नअँगाल्दा भन्ने समस्या हुने उहाँको भनाइ छ । उहाँले रु ५०० मा पाँच पाथीको ठालो बिक्रीका लागि चैते दसैँ मेलामा आउनुभएको हो । चैते दसैँमा अहिले घरेलु उत्पादन सामग्री देख्न दुर्लभ भइसकेको बुढापाकाहरु बताउँछन् ।

चैतेदसैँको समयमा कालिका मन्दिर दर्शन गर्ने र आवश्यक सामग्री वर्षभरिलाई खरिद गर्ने चलन भए पनि विस्तारै यसको मौलिकता हराएर खानपान र नाचगानमा मेला सीमित हुन थालेको चैते दसैँ मेलामा लामो समयदेखि ठेकाको व्यापारका लागि आउँदै गर्नुभएका बागलुङको बलेवा अमलाचौरका प्रेमबहादुर चुदाराले बताउनुभयो । "चार पाँच वर्षअघि सम्म त ठेकाठेकीको व्यापार निकै राम्रो थियो, सबै ठेकाठेकी व्यापार गरेर सक्थेँ", उहाँले भन्नुभयो, "तर अहिले त्यो समयको चैते दसैँ र यो समयको चैते दसैँमा आकाश पातालको भर भइसक्यो, अहिले आयातित सामग्री खरिदमा स्थानीयवासीको भीड लाग्छ, आधुनिक उपकरणको विकासले ठेकाको व्यापार नहुने देखियो, पछिल्ला वर्षमा परम्परा धान्न मात्रै ठेका ल्याएर आएको हुँ ।" उहाँले गुम्मीमा गएर ठेका उत्पादन गर्दै आउनुभएको छ । उहाँले ठेकाठेकी बनाउने प्रचलन पुस्ता हस्तान्तरण नहुँदा आगामी दिनमा लोप भएर जाने बताउनुभयो ।

यस्तै चैते दसैँमा अहिले घरेलु हातहतियार, खुकुरी, बाउसो, आँसी लगायतका वस्तुहरु बिक्रीका लागि ल्याइएको समेत छैन । चैते दसैँ मेला बागलुङको पहिचानसँग जोडिएको र परम्पराकालदेखि मेला लाग्ने भए पनि बिस्तारै आधुनिकताका कारण मेलाको मौलिकता हराउँदै गएको स्थानीयवासी दुर्गा आचार्यले बताउनुभयो । मेलामा झाँकी, घरेलु उत्पादन, ढाका टोपी, अल्लोको कपडा, ढाकाको कपडा, मादल, बुट्टेनली लगायतका उत्पादनहरुदेखि नै छोडेका छन् ।

मेलामा आयातीत लत्ताकपडा, मनोरञ्जनका सामग्री तथा आधुनिक खानाका परिकारले महत्व पाउन थालेकाले बिस्तारै चैते दसैँको मौलिकता हराउँदै गएकामा स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् ।

# जिल्लाका सबै नगरमा आँखा उपचारको पहुँच

पोखरापत्र संवाददाता
बागलुङ, २५ चैत

जिल्लाका सबै शहरी क्षेत्रमा आँखा उपचारको पहुँच पुऱ्याइएको छ । जिल्लाका चारवटै नगरपालिकाको केन्द्रमा आँखा उपचार केन्द्र स्थापना भएसँगै साना शहरी क्षेत्रमा आँखा उपचारको व्यवस्था भएको हो ।

सदरमुकाममा धौलागिरि आँखा अस्पताल र बाँकी तीन नगरपालिकाको आँखा उपचार केन्द्रमार्फत सेवा प्रवाह भइरहेको नेपाल नेत्रज्योति सङ्घका जिल्लाअध्यक्ष भरत पुरीले बताउनुभयो । गलकोटको हटिया बजार र ढोरपाटन नगरपालिकाको बुर्तिबाङ बजारमा यसअघि नै आँखा उपचार केन्द्र स्थापना भइसकेकामा जैमिनीमा पनि आँखा उपचार केन्द्र स्थापना गरिएको हो । सङ्घले पोखरास्थित हिमालयन आँखा अस्पतालको प्राविधिक सहयोग र जैमिनीको व्यवस्थापनमा स्थापना गरेको उक्त केन्द्र नगरप्रमुख इन्द्रराज पौडेलले बिहिबार उद्घाटन गर्नुभयो ।

तत्कालका लागि आँखाको जाँच तथा उपचारका लागि आवश्यक रु १४ लाख मूल्य बराबरको उपकरण हिमालयन आँखा अस्पतालले सहयोग गरेको छ । सङ्घका केन्द्रीय सचिव हरिप्रसाद शर्माले जिल्लाका सबै स्थानीय तहमा आँखा उपचार केन्द्र स्थापना गर्ने लक्ष्य रहेको बताउनुभयो ।